# आ.ब. २०७८/०७९ को
# नीति तथा कार्यक्रम

सुनिलस्मृति गाउँपालिका
रोल्पा जिल्ला
लुम्बिनी प्रदेश
२०७८/०३/१०

सुनिलस्मृति गाउँपालिका
२०७३
सुलिचौर, रोल्पा

सुनिलस्मृति गाउँपालिकाको दशौं गाउँसभाका अध्यक्षज्यू,

गाउँसभाका सदस्यहरु,

विभिन्न राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधि ज्यूहरु,

संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरु,

समाजसेवी तथा वुद्दिजीविहरु,

पत्रकार, सुरक्षाकर्मी,

सम्पूर्ण कर्मचारीहरु तथा

उपस्थित तथा प्रत्यक्ष प्रसारणबाट सुनिरहनु भएका सम्पूर्ण आमावुवा, दाजुभाई तथा दिदीवहिनीहरु,

सुनिलस्मृति गाउँपालिकाको यस ऐतिहासिक कार्यक्रममा उपस्थित गाउँ सभा सदस्यहरु प्रति मेरो व्यक्तिगत एवम् गाउँपालिका परिवारको तर्फबाट स्वागत गर्न चाहन्छु । देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न तथा जनतालाई सार्वभौम एवम् अधिकार सम्पन्न बनाउने अभियानमा आफ्नो जीवनको आहुति दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । कला र संस्कृतिको धरोहरको रुपमा परिचित सुनिलस्मृति गाउँपालिकाको यस दशौं गाउँ सभाबाट आगामी आर्थिक वर्ष २०७८/०७९ का लागि यस गरीमामय दशौं गाउँसभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले गौरवान्वित महशुस गरेको छु ।

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को दोस्रो लहरका कारण देशभरको वन्दावन्दीले यस गाउँपालिकामा पनि गम्भिर असर पुऱ्याएको छ । कोरोना भाइरस (कोभिड-१९) का कारण गाउँपालिका बन्दावन्दिको चपेटामा परेको कारणले चालु वर्षका योजना कार्यान्वयनमा समेत गम्भिर असर पर्न गएता पनि आगामी आ.व.को योजना तर्जुमाको मूल्य र मान्यतालाई आत्मसाथ गर्दै गाउँपालिकाको विद्यमान अवस्था, भौगोलिक तथा सांस्कृतिक विविधता, कला संस्कृतिलाई बोध गर्दै गाउँपालिकाबासीको स्वास्थ्य नै हाम्रो अमूल्य सम्पत्ति भएकोले जनताको स्वास्थ्य तथा जीवन रक्षा केन्द्रित योजना तर्जुमालाई प्राथमिकता दिई स्वास्थ्य सेवा सुनिश्चित गर्ने, गरीवी न्यूनीकरण गर्ने, साना तथा घरेलु उद्यमको नियमित सञ्चालन तथा प्रवर्द्धन गर्ने, बेरोजगारी कम गर्ने, वैकल्पिक विधिबाट कक्षा सञ्चालन गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने, लैङ्गिक समानता कायम गर्ने, कोरोना भाइरसका कारण न्यून भएको गाउँपालिकाको आन्तरिक आय स्रोतको पहिचान तथा समुचित व्यवस्थापन, उत्पादनशील स्रोत साधनमा समान पहुंच पुग्न नसक्दा महिला, बालबालिका, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा पिछडिएको वर्ग, समुदाय तथा क्षेत्रको आर्थिक र सामाजिक स्थितिमा अपेक्षित सुधार ल्याउन समावेशी विकासलाई उपलब्धीमूलक बनाउन अति आवश्यक छ ।

विश्वव्यापी रुपमा फैलिएको कोराना भाइरस महामारीले जनस्वास्थ्यका क्षेत्रमा गम्भीर समस्या पैदा गर्दा स्वास्थ्य पूर्वाधार र क्षमता विकासका क्षेत्रमा हामीले थप लगानी गर्नुपर्ने समस्या र चुनौति सृजना भएको छ । हामीले हेल्थ डेस्क स्थापना, गाउँपालिका स्तरीय १५ शैयाको कोभिड अस्पताल निर्माणसँग सेवा दिदै गाउँपालिका बासीहरुलाई स्थानीय सरकार जनताको अभिभावक भएको महशुस गराउन सकिएको छ ।

कोभिड-१९ को दोस्रो लहरका क्रममा अस्पतालहरुमा वेडको अभाव, अक्सिजनको कमी जस्ता समस्या व्यहोर्नु पर्दा स्थानीय सरकारको निरन्तर प्रयासबाट अहिले ती समस्याहरु समाधान भएका छन् । पछिल्लो समय संक्रमणमा कमी आएको छ र निको हुने दर उल्लेख्य रुपमा वृद्धि भएको छ । कोभिड-१९ को जोखिम पूर्णरुपमा अन्त्य नभए पनि स्थिति नियन्त्रण तर्फ उन्मुख हुँदै गएको छ । यस घडीमा कोभिड-१९ को कारण ज्यान गुमाउनु हुने मृतकहरु प्रति भावपूर्ण श्रद्धाञ्जली तथा संक्रमित सम्पूर्ण आमावुवा, दाजुभाइ तथा दिदीबहिनीहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं । साथै कोभिड-१९ रोकथाम तथा नियन्त्रणमा अहोरात्र खट्नुहुने स्वास्थ्यकर्मी, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, जनप्रतिनिधि,पत्रकार, संघ संस्था, राजनीतिक दल लगायत आ-आफ्नो ठाउँबाट स्वास्थ्य सामग्रीहरु र सहयोग गर्नुहुने प्रति हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछौं ।

उल्लेखित समस्या तथा चुनौति सामना गर्न जनप्रतिनिधिहरुको साझा अठोट, राजनैतिक समझदारी, विकासप्रति जनताको उत्साह, राष्ट्रसेवक कर्मचारीहरुको निरन्तर प्रयास, नागरिक समाज, निजी क्षेत्र, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्थाहरुको विकास प्रकृयामा सहभागिता, सांस्कृतिक विविधता, सूचीकृत विश्व सम्पदा,विशिष्ट सनातन लोक संस्कृति, पर्यटकीय क्षेत्रहरु गाउँपालिका विकासको सम्भावनाको रुपमा रहेका छन् ।

स्थानीय सरकारको गठन पश्चात सुनिलस्मृति गाउँपालिको वर्तमान कार्यपालिकाले चार वर्षको कार्यकाल पुरा गरेको छ । विगतका चार वर्ष गाउँपालिकालाई समृद्ध, सुशासित र सुविधायुक्त बनाउने सम्बन्धमा आम गाउँपालिकाबासी तथा कार्यपालिका आफैले पनि अपेक्षा गरे अनुरुपको कार्य गर्न अनेकौं चुनौति सामना गर्नु परेको सन्दर्भमा हाल विश्वव्यापी फैलिएको कोरोना भाइरसका कारण झन् कठिन मोडमा पुगेता पनि कोरोनाबाट भाग्ने नभई कोरोनालाई परास्त गर्नुपर्ने हाम्रो कर्तव्य भएको विदितै छ ।

**अध्यक्ष महोदय तथा गाउँसभा सदस्यज्यूहरु**

अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा हस्तान्तरण गरी तल्लो निकायलाई अधिकारसम्पन्न बनाउने प्रयास गरीएको छ, जुन स्वागत योग्य छ । संघीयता र स्थानीय सरकार मार्फत गाउँ-गाउँमा सिंहदरबार, आफ्नो गाउँ, शहर, बस्ती, टोल आफै बनाउ जस्ता कार्यक्रमहरुलाई मूर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा आएको व्यहोरा विदितै छ । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो ।

<u>अव म दशौँ गाउँ सभावाट पारित मुख्य–मुख्य नीति तथा कार्यक्रम र बजेटको समीक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।</u>

१. हामीले जिम्मेवारी सम्हालेको करिब चार बर्ष पूरा हुदैछ । चालु आर्थिक वर्षमा कार्यविधि सोह्र (१६) वटा, मापदण्ड दुई (२)वटा, निर्देशिका दुई (२) वटा गरी बीस (२०) वटा कानूनहरु तथा यस अवधि सम्म पुग्दा विभिन्न एकाउन्न (५१) वटा कानूनहरु निर्माण भएका छन् । जनअपेक्षा अनुरुपको विकास निर्माण एवम् नागरिक मैत्री सेवा प्रवाहका माध्यमबाट सुशासनको प्रत्याभुत गराउन कानून निर्माणको यस उपलब्धीले बिशेष टेवा पुगेको अनुभूति गरेको छु ।

२. कृषि तर्फ ८५% अनुदानमा धान,मकैको बीउ वितरण कार्यक्रम,५०% अनुदानमा यान्त्रीक उपकरण वितरण कार्यक्रम, कृषक समूह/सहकारी फर्म मार्फत प्लाष्टिक टनेल वितरण कार्यक्रम, कोभिड विशेष कार्यक्रम,कोभिड प्रभावित भई गाउँ फर्किएका कृषकहरुलाई उत्पादन सामग्रीमा सहयोग कार्यक्रम सम्पन्न भएका छन् । यस गाउँपालिकाको मुख्य स्रोतको रुपमा रहेको कृषि क्षेत्रलाई आत्मनिर्भर गराउन उत्कृष्ट कृषकहरुलाई सम्मान स्वरुप पुरष्कृत गरीएको छ । कृषि तथा पशुपन्छी सम्बन्धी व्यवसायलाई मर्यादित बनाउन अर्गानिक उत्पादनमा जोड दिइएको छ । बीउ, मल, औषधी, दानाको सहज आपूर्तिमा तथा संक्रामक रोग नियन्त्रणमा जोड दिइ कृषकहरुको घरदैलोमा पुगि कृषि तालिमको व्यवस्था गरीएको छ, एक घर एक करेसावारी प्रवर्द्धनका लागि उन्नत तरकारी बीउ विजनहरु निरन्तरता कृषकहरुलाई उपलब्ध गराइएको छ । कृषकहरुलाई अध्ययन र प्रोत्साहनका लागि कृषि भ्रमणको व्यवस्था गरी म्याग्दि, स्याङ्जा र पोखराका नमुना कृषक फर्महरुको अध्ययन अवलोकनको व्यवस्था गरीएको छ ।

३. पशुपालन कृषकहरुलाई पशुपालन सम्बन्धी तालिमको व्यवस्था गरीएको छ । वडा नं १, २, ७ र ८ मा पशु स्वास्थ्य शिविर सञ्चालन गरीएको छ, सवै वडाहरुमा १/१ वटा ५०% वोयर बोकाहरु कृषकहरुलाई शत प्रतिशत अनुदानमा उपलब्ध गराई व्यवसायी वाख्रापालनका लागि प्रोत्साहन गरीएको छ, वडा नं १, ३, ४, ५ र ७ मा कुखुरा कृषकहरुलाई कुखुरा उपलब्ध गराइएको छ भने वडा नं २ खलसिङ्मा रहेको बाख्रा पालन समूहलाई २५ वटा उन्नतजातका बाख्रा शतप्रतिशत अनुदानमा वितरण गरीएको छ, पशु स्वास्थ्य सम्बन्धी औषधीहरु पशुपालक कृषकहरुलाई नि:शुल्क वितरण गरीएको छ ।

४. रेड स्वयल पार्क, राज्य पोखरा वृहत योजना र मालरानीकोट शान्ति बाटिका, युद्ध संग्रहालय निर्माणलाई अगाडि बढाइएको छ । त्रिपुरेश्वरी मन्दिर, गजुलकोट दरबार, घोडाकोट शिवालय

मन्दिरलाई थप व्यवस्थित गरीएको छ भने चतुर्भूज तटीय पार्क निर्माणाधीन अवस्थामा रहेको व्यहोरा सम्मानित सभा समक्ष जानकारी गराउन चाहान्छु ।

५. युवा रोजगारका लागि सुन चाल्ने कार्यक्रम मार्फत युवाहरुलाई रोजगारमुखी बनाइएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत २३ वटा आयोजना सञ्चालन भएका र सो बाट बेरोजगार सूचीमा सूचीकृत भएका ९०३ जना बेरोजगार मध्य २०८ जना प्रत्यक्ष लाभान्वित भएका छन् । युवाहरुलाई स्वरोजगार बनाउनका लागि २५ जनालाई हल्का सवारी चालक तालिम, १६ जनालाई व्याक हो लोडर तालिम, ३९ जनालाई सिलाईकटाइ तालिम, २ जनालाई मोटरसाइकल मर्मत तालिम, १७ जनालाई हाउस वाइरिङ तालिम, ९१ जनालाई स्यानिटरी प्याड निर्माण तालिम, महिला सहकारी संस्थाका २१ जनालाई लेखा व्यवस्थापन तालिम, ३० जनालाई कम्प्यूटर तालिम दिइएको छ भने युवाहरुलाई सरकारी सेवामा आकर्षित गर्नका लागि ३३ जनालाई लोकसेवा तयारी कक्षा सञ्चालन गरीएको छ ।

६. न्यायिक समितिमा आ.व. २०७७/०७८ मा परेका २३ वटा मुद्धा मध्ये १० वटा फछ्र्यौट भएका छन् । आ.व.२०७४/०७५ देखि हालसम्म विभिन्न प्रकृतिका ११७ विवादका मुद्धाहरु मध्य ८५ वटा मिलापत्र तथा फछ्र्यौट भएका छन् । ९ वटा उजुरीहरु सम्बन्धित निकायमा पठाइएको छ भने १३ वटा उजुरी फछ्र्यौट प्रकृयामा रहेका छन् ।

७. कोभिड १९ महामारी रोग दोस्रो चरणको संक्रमणले आक्रान्त पारी महामारी नियन्त्रण गर्न निकै चुनौति बन्दै आएको अवस्थामा १५ शैयाको अस्थायी कोभिड अस्पताल निर्माण र आवश्यक स्वास्थ्य सामग्री तथा जनशक्तिको व्यवस्था गरी उपचारको व्यवस्था मिलाइएको, हेल्थ डेस्कको व्यवस्था र समुदायमा एन्टिजेन्ट विधिबाट कोभिड परीक्षणको दायरा बढाइएकोले विरामीको रोकथाम तथा नियन्त्रणमा केही सफलता हासिल गरीएको छ ।

८. स्वास्थ्य सेवा तर्फ ज्येष्ठ नागरिक घरदैलो कार्यक्रम, PNC भिजिट कार्यक्रम, नि:शुल्क औषधी वितरण कार्यक्रम, खोप कार्यक्रम, आमा सुरक्षा कार्यक्रम, परिवार नियोजन कार्यक्रम, स्वास्थ्यकर्मीद्वारा होम आसोलेसनमा बसेका कोभिड संक्रमित विरामीहरुको परामर्श तथा भेटघाट कार्यक्रम सम्पन्न भएका छन् । कोभिड-१९ रोकथाम र नियन्त्रणका लागि हालसम्म १८५४ कोभिशिल्ड भ्याक्सिन र ३२३जनालाई भेरोसिल भ्याक्सिन गरी जम्मा २१७७ जनालाई कोभिड विरुद्धको खोप लगाइ सकिएको छ भने ६७४ जनाको एन्टिजेन्ट परीक्षण गरीएको छ ।

९. यस गाउँपालिकाका वडा नं ५ मा स्वास्थ्य चौकी निर्माणका लागि टेन्डर स्वीकृत भै निर्माणाधीन अवस्थामा रहेको,वडा नं ३ मा स्वास्थ्य चौकी भवन निर्माणका लागि जग्गा प्राप्तिका लागि प्रक्रियामा रहेको, वडा नं २ गोगनपानीमा सामुदायिक स्वास्थ्य इकाइ केन्द्र स्थापना गरी सेवा सञ्चालनमा रहेको तथा गाउँपालिका स्तरीय १५ शैयाको अस्पताल निर्माणका लागि जग्गा प्राप्तिको अन्तिम चरणमा पुगेको । चालु आ.व.मा स्वास्थ्य संस्थाको थप निर्माणले नागरिकको आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने संवैधानिक अधिकारको व्यवहारमै प्रत्याभूति भएको छ ।

१०. स्वच्छ खानेपानीमा नागरिकको पहुँच बृद्धि गर्न एक घर एक धाराको नीति अनुसार कार्यक्रम गर्न गाउँपालिका र वडाहरुबाट कार्यान्वयन शुरुवात गरीएको छ । बढ्दै गएको शहरीकरणलाई

व्यवस्थित गर्न फोहरमैला व्यवस्थापनको लागि फोहरमैला सङ्कलन केन्द्रको लागि जग्गा खरिद गर्न बजेटको व्यवस्था गरीएको छ । भने फोहोरमैला व्यवस्थापनको लागि पालिका स्तरीय सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया गरीएको छ ।

११. कृषि योग्य भूमिमा सिंचाई सुविधा उपलब्ध गराइएको छ । विगतमा सञ्चालनमा रहेका र अन्य पूर्वाधार निर्माणको क्रममा नासिएका सिंचाई कुलोहरुलाई पुन: सञ्चालनमा ल्याइदै छ । थोपा सिंचाई, स्पेरिङ पाइपसिंचाई, पलाष्टिक र रिचार्ज पोखरीजस्ता कार्यक्रमलाई थप प्रभावकारी बनाइदै लगिएको छ ।

१२. महिलाहरुका लागि सीप विकास तालिम,अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामग्री वितरण कार्यक्रम, २३३ जनालाई अपाङ्ग परिचय-पत्र वितरण,१६१५ जनालाई ज्येष्ठ नागरिक परिचय-पत्र वितरण, सवै माध्यामिक विद्यालयका बाल समूह र संरक्षक शिक्षकलाई अभिमूखीकरण तालिम, बालिका सम्मेलन पूर्व तयारी८ वटै माध्यामिक विद्यालयहरुमा बालिका सम्मेलन कार्यक्रम, ७ वटा वडा र गाउँपालिकामा बाल अधिकार समिति गठन, साहस र हुरेक नेपालको समन्वयमा बाल अधिकार समितिका पदाधिकारीलाई बाल संरक्षण सम्बन्धि तालिम,५ वटा वडामा ज्येष्ठ नागरिक क्लव गठन,१ नं वडामा ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापना, लैङ्गिक हिंसा निवारण कोषको स्थापना,५ वटा महिला विकास समित, ३ नं वडामा वडा स्तरीय महिला संजाल गठन, टोल विकास संस्था गठन तथा परिचालन सम्बन्धी अभिमूखीकरण कार्यक्रम, वडा नं १ र २ मा टोल विकास संस्था गठन, ३ वटा माध्यामिक विद्यालयहरुमा १६ दिने लैङ्गिक हिंसा विरुद्धको दिवशको अवसरमा बाल विवाह न्यूनीकरण, लैङ्गिक हिंसा विरुद्ध अभिमूखीकरण कार्यक्रम, अन्तराष्ट्रिय महिला दिवशको अवसरमा ५ वटा महिला सहकारी संस्थाहरुबाट कार्यक्रम सम्पन्न, बाल दिवशको अवसरमा माध्यामिक विद्यालय स्तरीय निवन्ध लेखन तथा आधारभूत विद्यालय स्तरीय कविता प्रतियोगिता कार्यक्रम र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण सम्पन्न गरीएको छ ।

१३. यस आर्थिक वर्षको अन्त सम्म आइपुग्दा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको संख्या ४४३० रहेको छ । सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाई चालु आ.व. देखि बैंकिङ प्रणालीबाट वितरण गर्ने व्यवस्था गरीएको छ । व्यक्तिगत घटना दर्ता विवरणलाई डिजिटाइजेसन गर्ने कार्य सम्पन्न भएको छ साथै हाल ८ वटै वडा कार्यालयहरुबाट अनलाईन घटना दर्ता कार्य सञ्चालन भैरहेको छ ।

१४. बातावरण तथा विपत् व्यवस्थापन तर्फ खरको छानो विस्थापन कार्यक्रम अन्तर्गत सवै वडाहरुमा अधिकांस खरको छानो विस्थापन गरी यस कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

१५. वडाबाट सिफारिस तथा प्रहरी मुचुल्का समेतको आधारमा आगलागि, हुरी बतास, बाढि, पहिरो लगायतबाट क्षति पुगेका अति विपन्न घरधुरीहरुलाई विपद् व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम राहत उपलब्ध गराइएको छ ।

१६. कक्षा ११ र १२ मा गाउँपालिका भित्र अध्ययनरत किशोरीहरुलाई **उपाध्यक्ष छात्रवृत्ति** उपलब्ध गराइएको छ । **विद्यार्थीसँग अध्यक्ष** कार्यक्रम अन्तर्गत आर्थिक अवस्था कमजोर भई विद्यालय बाहिर रहेका विद्यार्थीहरुलाई शैक्षिक सामग्री उपलब्ध गराइ निरन्तर विद्यालय आउने वातावरणको सृजना

गरीएको छ । शिक्षक, गाउँ शिक्षा समिति र स्थानीय सरकार बीचको अन्तरक्रिया छलफललाई वृहत बनाइदै लगिएको छ । विद्यार्थी दिवा खाजा सम्बन्धि निश्चित मापदण्ड निर्धारण गरीएको छ । सशर्त अनुदानबाट उपलब्ध हुने दिवा खाजा कार्यक्रमलाई थप विस्तार गर्दै जाने नीति ल्याइएको छ । एक वडा एक कक्षा १२ सम्मको विद्यालय विस्तार अन्तर्गत कक्षा थपलाई निरन्तरता दिइएको छ । भने अनुसाशन हिन शिक्षकहरुलाई काज सरुवा समेत गरीएको छ ।

१७. गाउँपालिकाबाट हुने विभिन्न गतिविधि आम नागरिक समक्ष पु-याउनका लागि **"जनतासँग सुनिलस्मृति गाउँपालिका"** रेडियो कार्यक्रम र पत्रपत्रिकाहरुबाट नियमित कार्यक्रमहरु सञ्चालनमा ल्याइएको छ । जसले सरकारी क्रियाकलाप सुनेर देखेर र पढेर सूचनाको हकबाट सशक्त गर्ने कोसिस गरीएको छ । गाउँपालिका स्तरीय सार्वजनिक सुनुवाइ गरीएको छ । नागरिक वडापत्रलाई समयसापेक्ष अद्यावधिक गरी प्रयोगमा ल्याइएको छ । पालिकाका सवै निर्णयहरुलाई वेवसाइट मार्फत सार्वजनिक गरीएको छ ।

१८. वडा नं १,२, ३ र ४ वडा कार्यालय र स्वास्थ्य चौकीहरुमा फाइवर नेट मार्फत इन्टरनेट सेवा विस्तार गरीएको छ । वडा नं ५, ६, ७ र ८ को वडा कार्यालय र स्वास्थ्य चौकीहरुमा wireless मार्फत ब्रोडव्याण्ड इन्टरनेट सेवा उपलब्ध गराइएको छ ।

१९. प्रथम सुनिलस्मृति गाउँपालिका अध्यक्ष कप तथा दोस्रो राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सम्पन्न गरीएको छ ।

**अध्यक्ष महोदय तथा गाउँसभा सदस्यज्यूहरु**

अव म यस सुनिलस्मृति गाउँपालिकाको आ.व. २०७८/०७९को बार्षिक नीति तथा कार्यक्रम यस सम्मानित गाउँसभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२०. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, दिगो विकासका लक्ष्यहरु, नेपाल सकारको पन्ध्रौं योजना मार्गदर्शन, संघ तथा प्रदेश सरकारको मार्गदर्शन तथा प्राथमिकताहरु र गाउँपालिकाको आवधिक योजना,विभिन्न रणनैतिक योजनाहरु र आफ्नै विशिष्ट सम्भाव्यता तथा आवश्यकता समेतलाई आधार मानी सम्पूर्ण गाउँपालिकाबासी आमावुवा,दिदीबहिनी तथा दाजुभाईहरुबाट व्यक्त भएका जन चाहनाहरुलाई समेट्दै आ.ब.२०७८/०७९ का लागि निम्न बमोजिमका नीतिहरु अवलम्वन गरेका छौं।

२१. कोभिड-१९ मा संक्रमण रोकथाम तथा नियन्त्रणका लागि आवश्यक पूर्वाधार,अत्यावश्यक औषधी, स्वास्थ्य उपकरण तथा जनशक्तिको व्यवस्थापन गरिने छ । संघ तथा प्रदेश सरकारको समन्वयमा लक्षित समूहलाई कोभिड खोपको व्यवस्था मिलाइने छ ।

२२. संघीय सरकारको समन्वयमा गाउँपालिका स्तरीय १५ शैयाको अस्पताल भवन निर्माणका लागि जग्गा प्राप्ति तथा निर्माण कार्यलाई अगाडि बढाइने छ । आधारभूत स्वास्थ्य सेवा तथा आकस्मिक सेवालाई नि:शुल्क गरिने छ । एक वडा एक स्वास्थ्य संस्थाको नीति अनुरुप प्रत्यक वडामा स्वास्थ्य चौकी स्थापना, सवलीकरण एवम् भौतिक पूर्वाधार विकासमा विशेष जोड दिइने छ । स्वास्थ्य सेवाको पहुँचबाट टाढा भएका बस्तीहरुमा आधारभूत स्वास्थ्य सेवा प्रवाहको लागि सामुदायिक स्वास्थ्य इकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन गरिने छ ।

२३. महिला स्वास्थ्य स्वंयमसेविकाहरुलाई आधारभूत तालिम, समिक्षा गर्दै उच्च मनोवलका लागि बार्षिक ६ हजार प्रोत्साहन भत्ताको व्यवस्था मिलाइने छ।

२४. गाउँपालिका शून्य होम डेलिभरि घोषणा सुनिश्चताका लागि स्वास्थ्य संस्थामा गई सुत्केरी हुने महिलालाई थप प्रोत्साहनको व्यवस्था गरिनेछ।

२५. गर्भवती आमासँग उपाध्यक्ष कार्यक्रम अन्तर्गत नियमित नि:शुल्क भिडियो एक्सरे गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

२६. ज्येष्ठ नागरिक, महिला, किशोरी तथा बालबालिकाको स्वास्थ्य सेवालाई विशेष प्राथमिकताका दिइने छ। अति विपन्न वर्गलाई स्वास्थ्य सेवाको पहुँच स्थापना गर्न औषधोपचार खर्चमा सहयोग गर्ने नीति अवलम्वन गरिने छ।

२७. ३०-६० बर्षका महिलाहरुको पाठेघर तथा क्यान्सर सम्बन्धी चेकजाँच स्क्रिनिङको व्यवस्था गरिने छ।

**अध्यक्ष महोदय तथा गाउँसभा सदस्यज्यूहरु**

२८. किसानहरुलाई समयमै मल बीउ उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाइनेछ।

२९. कृषि तथा पशुपन्छी सम्बन्धी व्यवसायलाई मर्यादित बनाउँदै अग्रानिक उत्पादनमा जोड दिइनेछ।

३०. बाख्रापालक कृषकहरुलाई तालिमको व्यवस्था गरी आय आर्जनमा वृद्धि गरिनेछ।

३१. उत्कृष्ट बाख्रा फर्मलाई १००% बोयर बोका तथा उत्कृष्ट बाख्रा पालन समूहलाई ५०% बोयर बोका ५०% प्रतिशत अनुदानमा वितरण गरिनेछ।

३२. उत्कृष्ट बाख्रा पालन समूह तथा कृषकहरुलाई उन्नत जातको बाख्रा खरिद गरी वितरण गरिनेछ।

३३. माटो परीक्षण शिविर सञ्चालन गरिनेछ।

३४. प्लाष्टिक पोखरी र वर्षादको पानी सङ्कलन कार्यक्रमलाइ व्यवस्थित गरिनेछ।

३५. ५०% अनुदानमा फलफुल विरुवा काटछाँट गर्ने औजार उपकरणहरु वितरण गरिनेछ।

३६. बालीनालीमा हुने प्रकोपलाई व्यवस्थापन गरिने कार्यक्रम ल्याइनेछ।

३७. उत्कृष्ट कृषकहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ।

३८. मकै, गहुँ, च्याउको उन्नत बीउ खरिद गरी ७५% अनुदानमा बितरण गरिनेछ।

३९. एक घर एक करेसाबारी प्रबर्द्धन कार्यक्रमलाई व्यवस्थित बनाउन तालिमको व्यवस्था गरिनेछ।

४०. कृषि हाट बजारको व्यवस्था गरिनेछ।

४१. कृषकहरुलाई अनुदानमा कृषि औजार वितरणलाई विस्तार तथा निरन्तता दिइनेछ।

४२. सामुदायिक विद्यालयका छात्राहरुलाई नि:शुल्क स्यानिटरी प्याड वितरण कार्यक्रमलाई आगामी वर्षमा पनि निरन्तरता दिइनेछ। विद्यालय जाने उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना अभियानमा सघाउ पुऱ्याउन सामुदायिक विद्यालय भर्ना अभियान सञ्चालन गरिनेछ।

४३. सम्पूर्ण सामुदायिक विद्यालयहरुमा कक्षा १ देखि ५ सम्म अङ्ग्रेजी माध्यमबाट पठनपाठनको शुरुवात गरिनेछ।

४४. अध्यक्षसँग विद्यार्थी कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४५. कक्षा ११ र १२ मा अध्ययनरत छात्राहरुलाई प्रोत्साहन स्वरुप उपलब्ध गराइने उपाध्यक्ष छात्रावृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४६. लैङ्गिक हिसावले पछि परेका/पारिएका महिलाहरुलाई सवलिकरण र क्षमतावान बनाउन छोरी बचाउ, छोरी बढाउ नीति ल्याइएको छ ।

४७. पञ्च वर्षिय गाउँ शिक्षा योजना निर्माणको तयारी गरिनेछ ।

४८. उच्च शिक्षाको लागि क्याम्पस स्थापनाको लागि पहल गरिनेछ ।

४९. हरेक विद्यालय भवनहरुलाई आर.सि.सि.भवन निर्माण गरी जस्तापाताको छानो विस्थापन गरिने नीति ल्याइएको छ ।

५०. कक्षा १२ सम्मको अनिवार्य शिक्षालाई कार्यविधि बनाइ प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

५१. नीजि शिक्षकको व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरिने छ ।

५२. सम्पूर्ण आधारभूत तथा माध्यामिक विद्यालयहरुलाई प्रविधिमैत्री बनाइ प्रशासन सुधारका लागि १/१ वटा ल्यापटपको व्यवस्था गरी तालिमको व्यवस्था गरिनेछ ।

५३. विद्यालयहरुमा विद्यार्थीहरुलाई थप सिकाइ उपलब्धीका लागि कोचिङ तथा होस्टेल सञ्चालनको व्यवस्था गरिनेछ ।

५४. प्रत्येक चौमासिकमा विद्यालयका प्रध्यानाध्यापक, गाउँ शिक्षा समिति तथा गाउँपालिका बीचको समन्वयात्मक बैठक बसी शिक्षा सुधार तथा बिकासका लागि कार्ययोजनाहरु तयार गरिनेछ ।

५५. उत्कृष्ट सामुदायिक विद्यालय, प्रध्यानाध्यापक र शिक्षक छनौट गरी सम्मानको व्यवस्था गरिनेछ ।

५६. सामुदायिक विद्यालयहरुका प्रध्यानाध्यापकहरुलाई प्रशासनिक तथा व्यवस्थापन सुधारका लागि तालिमको व्यवस्था गरिनेछ ।

५७. अन्तरविद्यालय स्तरीय विद्यार्थीहरुको वक्तृत्वकला, निबन्ध लेखन, बादविवाद प्रतियोगिता जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**अध्यक्ष महोदय तथा गाउँसभा सदस्यज्यूहरु**

५८. गाउँपालिका भित्र सञ्चालित क्रमागत योजनाहरुलाई निरन्तरता दिदै बहु बर्षिय ठुला योजनाहरुलाई प्राथमिकता दिइनेछ ।

५९. सुलिचौर खानेपानी व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।

६०. खानेपानी तथा मूल संरक्षण सम्बन्धी पानी सुरक्षा योजना कार्यक्रम सञ्चालन गरिनेछ ।

६१. प्रत्येक मुहान, रिजर्भ ट्याङ्कीलाई सरसफाइ तथा संरक्षण गरिनेछ ।

६२. एकघर एक धारा, एकघर एक करेसा बारी तथा एक वडा एक खेलमैदान जस्ता योजनाहरुलाई प्राथमिकता दिदै अभियानको रुपमा सञ्चालन गरिनेछ ।

६३. भौतिक पूर्वाधार विकाससँगै सामाजिक विकासलाई पनि बिशेष प्राथमिकता दिइनेछ ।

६४. रुइनिबाङ फर्साचौर मोटरबाटोलाई कालोपत्रे गरिनेछ ।

६५. रुइनिबाङमा व्यवस्थित कबडहलको निर्माण गरी सञ्चालनमा ल्याइनेछ ।

६६. सुलिचौर, रुइनिबाङ, फर्साचौर, बाउबाङ,छिर्ने,बर्जिबाङ,खाक्सिमेला,लामपाटा बाजाघाट हुदै खुंग्रीसम्मको क्षेत्रलाई स्याटेलाइट शहरको रुपमा विकास र बिस्तार गरिनेछ ।

६७. सुलिचौर तथा चतुर्भूजमा शवदाह गृहको निर्माण गरिनेछ ।

६८. गाउँपालिकाको आफ्नै प्रशासकीय भवन निर्माणको लागि टेण्डर आह्वान गरी भवन निर्माणलाई शुरुवात गरिनेछ ।

६९. छिर्ने, बाजाघाट, लामपाटा, खाक्सिमेला हुदै बर्जिबाङ बाइपास मोटरबाटोको निर्माण गरिनेछ ।

७०. किमिचौर घोडागाउँ सडक खण्ड घोडेखाला तथा रुइनिबाङ तेबाङ सडक खण्ड जुतुङखोलाका निर्माणाधिन पक्की पुल निर्माण गरी सञ्चालनमा ल्याइनेछ ।

७१. धाराबाङ हरीगाउँ सडक खण्ड माडि खोला, क्वालिगाउँ काभ्रा सडक खण्ड क्वालिगाउँ खोला, दलङ्गा, काभ्रा सडक खण्ड गजुल खोला र छिर्ने बाजाघाट खाक्सिमेला बाइपास सडक खण्ड जुतुङखोलामा पक्कि पुल निर्माण प्रकृया अगाडि बढाइने छ ।

७२. निर्माणाधिन फगामखोला दोभानमा रहेको बसपार्कलाई सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ ।

७३. सुरक्षित जनता आवासलाई विस्तारका लागि थप पहल गरिनेछ ।

७४. फुसको छानो विस्थापन कार्यक्रमलाई निरन्तरता गरिनेछ ।

७५. १५ शैयाको अस्पताल निर्माणका लागि जग्गा प्राप्ति गरी भवन निर्माणलाई अगाडि बढाइनेछ ।

७६. वडा नं ५ को स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न गरी सेवा सुचारु गरिनेछ भने वडा नं ३ को स्वास्थ्य चौकी भवन निर्माणको प्रकृया अगाडि बढाइने छ ।

७७. वडा नं ४ को वडा कार्यालय भवन निर्माणका लागि जग्गा प्राप्ति र भवन निर्माण प्रकृया अगाडि बढाइनेछ ।

**अध्यक्ष महोदय तथा गाउँसभा सदस्यज्यूहरु**

७८. दोहोरो जिम्मेवारी नपर्ने गरी न्यायिक समितिको कार्यालयमा कर्मचारीको व्यवस्था गरिनेछ ।

७९. प्रत्येक वडामा मेलमिलाप केन्द्र गठन गरिनेछ र सूचीकृत मेलमिलाप कर्ता तथा नयाँ मेलमिलाप कर्ताको लागि तालिमको व्यवस्था गरी क्षमता विकास गरिनेछ ।

८०. विद्यमान कानुन कार्यान्वयन सम्बन्धमा राजनीतिक दल, पत्रकार, न्यायिक समितिका पदाधिकारी र सरोकारवाला बीच छलफल र अन्तरक्रियाको व्यवस्था गरिनेछ ।

८१. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीलाई अध्ययन अवलोकन भ्रमण तथा तालिमको व्यवस्था गरिनेछ ।

८२. गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति बमोजिम संस्थागत संरचना र कार्यप्रणाली लैङ्गिक मैत्री बनाउँदै लगिनेछ ।

८३. बेइजिङ घोषणा पत्रका १२ वटा सरोकारका क्षेत्रहरु, महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्वन्धी महासन्धी१९७९, दिगो विकास लक्ष्यले लक्षित गरेका विषयहरु, बाल अधिकार महासन्धी १९८९, संयुक्त राष्ट्र संघ सुरक्षा परिषदको प्रस्ताव नं १३२५, १८२० र अन्य अन्तराष्ट्रिय कानून, संघीय र प्रदेश कानून तथा संघ र प्रदेश योजनाहरुले निर्दिष्ट गरेका विषयहरुलाई स्थानीयकरण गर्दै कार्यान्वयन गरिनेछ ।

८४. लैङ्गिक हिंसा निवारण कोषमा कम्तीमा बार्षिक २००,००० (अक्षेरुपी दुई लाख रुपैंया)रकम थप गर्दै जाने र हिंसा प्रभावित महिलाहरुलाई व्यवसाय सञ्चालन तथा जीविकोपार्जनका लागि

रु.२०,०००। (अक्षेरुपी बीस हजार रुपैंया) अनुदान कोषबाट उपलव्ध गराइने र अनुगमनलाई प्रभावकारी बनाइनेछ।

८५. लैङ्गिक हिंसा, बालविवाह, सामाजिक विभेद, शोषण, कुरीति, अन्धविश्वास हटाउन टोल विकास संस्था, महिला विकास समिति, आमा समूह, युवा क्लव, बालसमूहलाई परिचालन गरिनेछ।

८६. गाउँपालिकाको बजेट प्रणालीलाई लैङ्गिक उत्तरदायी बनाइनेछ र बार्षिक रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (GESI Audit) लाई निरन्तरता दिइनेछ।

८७. घरेलु तथा महिला हिंसा न्यूनीकरणका लागि पुरुष सहभागिता बढाइनेछ।

८८. महिलाहरुको आर्थिक तथा सामाजिक हैसियत बढाउने खालका सीप तथा क्षमता विकास र रोजगारमूलक कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ।

८९. गाउँपालिका भित्रका सबै छोरीहरुलाई शिक्षित र सुरक्षित बनाउन **"शिक्षित र सुरक्षित बालिका: समृद्ध सुनिलस्मृति पालिका"** को अभियान तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ।

९०. बालसमूह, बालसञ्जाल र बाल अधिकार समितिको क्षमता विकास गरिनेछ।

९१. अनाथ तथा असहाय बालबालिकाको लागि बाल संरक्षण कोषको स्थापना र व्यवस्थापन गरिनेछ।

९२. कोभिड संक्रमण वा अन्य कुनै कारणले अभिभावक गुमाएका बालबालिकालाई उनीहरुको संरक्षणको लागि प्रति बालबालिका रु. १०,०००। (अक्षेरुपी दश हजार रुपैंया) का दरले बाल संरक्षण कोषबाट उपलव्ध गराइनेछ।

९३. गाउँपालिकालाई बालविवाह मुक्त गाउँपालिका निर्माण गर्नका साथै बालविवाह विरुद्धको रणनीतिको कार्यान्वयनका लागि टोल विकास संस्थाहरुको क्षमता विकास गरी परिचालन गरिनेछ।

९४. बालश्रम रोक्न विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरी अगाडि बढिनेछ।

९५. बालमैत्री गाउँपालिका निर्माणका लागि बालमैत्री नीति निर्माण तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ।

९६. गाउँपालिका भित्र निर्माण हुने सार्वजनिक संरचनाहरुलाई अपाङ्गमैत्री बनाउने नीति ल्याइनेछ।

९७. अपाङ्गता भएका व्यक्तिहरुको सञ्जाल निर्माण गरी प्रभावकारी रुपमा परिचालन गरिनेछ।

९८. अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यकता बमोजिमको सहायक सामग्री वितरणलाई निरन्तरता दिइनेछ। अपाङ्गता भएका व्यक्तिहरुको लागि सीपमूलक कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

९९. अपाङ्गता भएका व्यक्तिहरु तथा ज्येष्ठ नागरिकहरुलाई परिचयपत्र वितरण तथा अभिलेख व्यवस्थापनलाई निरन्तरता दिइनेछ।

१००. ज्येष्ठ नागरिकहरुको हक, हित संरक्षण तथा आत्मसम्मान बढाउनका लागि ज्येष्ठ नागरिक क्लव र सञ्जाललाई सक्रिय बनाइनेछ र ज्येष्ठ नागरिक मिलन केन्द्र सञ्चालन तथा व्यवस्थापनलाई प्राथमिकता दिइनेछ।

१०१. सामाजिक कलङ्कको रुपमा रहेको जातीय विभेद तथा छुवाछुत प्रथाको अन्त्यका लागि अन्तरजातीय अन्तर्क्रिया कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१०२. हरेक परिवार र घर छिमेक बीचको सदभाव, सहकार्य र एकतालाई बलियो बनाउन "सह अस्तित्व" पैदा गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।

१०३. युवाहरुको नेतृत्व तथा क्षमता विकासका लागि आवश्यक बजेट व्यवस्था गरी कार्यक्रम सञ्चालन गरिनेछ।

**अध्यक्ष महोदय तथा गाउँसभा सदस्यज्यूहरु**

१०४. कमरसियल भिलेजको लागि पर्यटन, कृषि क्षेत्रलाई प्रबर्द्धन गर्दै प्रत्येक जनताको जिवनस्तर वृद्धि गर्ने बातावरण बनाइनेछ

१०५. पर्यटन तथा संस्कृति प्रवर्द्धनको लागि भाषा, कला, साहित्य, संस्कृतिको संरक्षण एवम् प्रवर्द्धनमा जोड दिइनेछ।

१०६. पर्यटकीय क्षेत्रको प्रचार प्रसार एवम् सूचना सामग्रीलाई व्यवस्थित गर्न पर्यटन सूचना केन्द्रको व्यवस्था गरिनेछ।

१०७. पर्यटन क्षेत्रको विकासका लागि हर्रेधारा, राङकोट डाडाँको गुरु योजना (DPR) बनाइ अगाडि बढाइनेछ।

१०८. रेड स्वयल पार्कलाई सञ्चालनमा ल्याइने छ।

१०९. धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको उचित संरक्षण एंव सम्बर्द्धन गरिनेछ।

११०. सुनिल पार्क र लिस्ने स्तम्भलाई सञ्चालनमा ल्याइने छ।

१११. मालरानीकोट शान्ति बाटिका सम्पन्न गरि सञ्चालनमा ल्याइनेछ।

११२. रेडस्वयल पार्क, चतुर्भूज तटीय पार्क, खुङ्ग्रीकोट, हर्रेधारा, गजुलकोट, राङकोटडाँडा, मालारानिकोट शान्तिबाटिका, लिस्ने (हिवाशंकर) लेख, अरेश ढुंगेसाँघु, भगाने गुफाहुदै चतुर्भूज तटीय पार्कलाई विस्तृत अध्यन गरी १० दिने ट्रेकिङ रुटको विकास गरिनेछ।

११३. वातावरण संरक्षण एवं पर्यापर्यटनलाई प्रवर्द्धन गर्न अध्ययन अनुसन्धान सम्बन्धी कार्यमा जोड दिइनेछ।

११४. लुङ्ग्री खोला, माडि खोला हुदैँ चकचकेसम्मको जलयात्रालाई निरन्तरता दिइनेछ।

११५. मयूर, गिद्ध र रेड पाण्डा संरक्षणका लागि आवश्यक अध्ययन, अनुसन्धान तथा व्यवस्थापनमा जोड दिइनेछ।

११६. सुलिचौर, रुइनिबाङको फोहोरमैला व्यवस्थापन गर्न बिशेष पहल गरिनेछ।

११७. लोकसेवा तयारी कक्षा सञ्चालनलाई निरन्तरता दिइनेछ।

११८. गरीबी न्यूनीकरण तथा रोजगारका अबसरमा बृद्धि गरिनेछ।

११९. संघ तथा प्रदेशले ल्याएका रोजगारमूलक कार्यक्रमहरुमा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्रको विस्तार तथा विकास गरिनेछ।

१२०. रोजगार सेवा केन्द्रलाई थप प्रभावकारी बनाइनेछ।

१२१. युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालनलाई थप कार्यान्वयन गरिनेछ।

१२२. रोजगारी तथा आयआर्जनको आकर्षक क्षेत्रको रुपमा विकास गर्न हस्तकला सम्बन्धी सीप अभिवृद्धि गर्ने कार्यमा जोड दिइनेछ।

१२३. लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सृजना र पुरानाको स्तरोन्नती गर्न सामाजिक परिचालनको माध्यमबाट उद्यमशिलता विकास तालिम एवम् मागमा आधारित एडभान्स सीप विकास तालिम सञ्चालन गरिनेछ।

१२४. सुरक्षित आप्रावासन कार्यक्रम अन्तर्गत सामी परियोजनाको सहकार्यमा वैदेशिक रोजगारमा जाने युवायुवतीका लागि जनचेतना लगायत विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

१२५. आ.ब. २०७८/०७९ का लागि बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत बेरोजगार व्यक्तिहरुमध्ये प्राथमिकतामा परेका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम १०० दिनको रोजगारी र कार्यमूलक तालिम उपलब्ध गराइनेछ।

**अध्यक्ष महोदय तथा उपस्थित गाउँसभा सदस्यज्यूहरु**

१२६. बिजुली बत्ति नपुगेका घरधुरीमा नेपाल विद्युत प्राधिकरणसँगको समन्वयमा यसै आ.ब.मा बिजुली बत्ति विस्तार गरी उज्यालो गाउँपालिका घोषणा गरिनेछ।

१२७. सवै वडा कार्यालयसम्म फाइवर नेट तथा सवै विद्यालय, स्वास्थ्य चौकी र बस्तीहरुमा इन्टरनेट पहुँचको व्यवस्था गरिने छ। 4G नेट नभएका वस्तीहरुमा नेपाल टेलिकमसँगको समन्वयमा थप एक्सटेन्सन टावरको व्यवस्था गरिने छ।

१२८. सुशासनका लागि अपरिहार्य रहेको विद्युतीय शासनलाई थप प्रभावकारी बनाउन नवीनतम् तथा प्रयोगकर्ता मैत्री सूचना प्रविधिको प्रयोगमा जोड दिइनेछ।

१२९. चौमासिक सार्वजनिक सुनुवाइको व्यवस्था गरिनेछ।

१३०. स्थानीय रेडियोहरुबाट **"जनतासँग सुनिलस्मृति गाउँपालिका"** साप्ताहिक रेडियो कार्यक्रम उत्पादन तथा प्रशारण गरिनेछ भने पत्रपत्रिकाहरुबाट गाउँपालिकाबाट भए गरेका सूचनाहरु प्रवाह गरिनेछ।

१३१. स्थानीय सरकारको अनुभूति हुने गरी बस्तीबस्तीमा अध्यक्ष कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३२. आधारभूत पत्रकारिता तथा सम्पादकीय लेखन सम्बन्धी तालिमको व्यवस्था गरिनेछ।

१३३. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीले समयमै भत्ता प्राप्त गर्ने गरी निकासा प्रणालीलाई यथाशक्य छिटो छरितो बनाइनेछ। बैंकिङ प्रणाली मार्फत भत्ता वितरण गर्दा देखा परेका समस्याका सम्वन्धमा भत्ता वितरण गर्ने बैंकसँगको संवाद एवम् सहकार्यका माध्यमबाट समस्या समाधान गरी छिटो छरितो रुपमा सुविधा प्राप्त गर्ने व्यवस्था मिलाइनेछ।

१३४. संघ सरकारको सहयोगमा व्यक्तिगत घटना दर्ता अभिलेख डिजिटाइजेशन गर्ने कार्यलाई आगामी वर्षमा पनि निरन्तरता दिइनेछ।

१३५. समन्वय, सहकार्य र सहअस्तित्वको संवैधानिक सिद्धान्तलाई आत्मसात गर्दै प्राकृतिक स्रोतको संरक्षण र उपयोग, पूर्वाधार निर्माण, वातावरण संरक्षण तथा फोहर व्यवस्थापन, आपतकालीन सेवा व्यवस्थापन,राजश्व सङ्कलन लगायतका विषय क्षेत्रहरुमा अन्तर स्थानीय तह, संघ तथा प्रदेशसँगको सहलगानीका योजनाहरु पहिचान गरी कार्यान्वयन गरिनेछ।

१३६. संघ, प्रदेश तथा अन्तर स्थानीय तह बीचको समन्वय र सहकार्यलाई विशेष प्राथमिकता दिइनेछ।

**अध्यक्ष महोदय तथा उपस्थित गाउँसभा सदस्यज्यूहरु**

१३७. पेशागत रुपमा तालिम अन्तरक्रिया गोष्ठी अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ साथै सोको अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई प्रभावकारी बनाइनेछ ।

१३८. आन्तरिक लेखा परीक्षणलाई प्रभावकारी तुल्याइने छ ।

१३९. जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१४०. कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसार शाखाहरुको कार्य सम्पादनलाई प्रभावकारी बनाउन कर्मचारीको कार्य विवरण तयार गरी लागु गरिनेछ ।

१४१. कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कनलाई कार्यविवरण र प्राप्त उपलब्धीको आधारमा मूल्याङ्कन गर्ने प्रणालीको शुरुवात गरिनेछ । साथै कार्य सम्पादनको आधारमा पुरस्कार र दण्डको नीति अवलम्बन गरिनेछ ।

१४२. गाउँपालिका स्तरीय नगर प्रहरी नियुक्ति गरी शान्ती सुरक्षाको प्रत्याभुतिलाई सुनिश्चितता गरिनेछ ।

१४३. कार्यालयका शाखा तथा वडा कार्यालयहरुको दरवन्दी र कार्यचापका आधारमा कर्मचारीहरुको पदपूर्ति व्यवस्थालाई प्रभावकारी बनाइनेछ ।

१४४. कर्मचारीलाई समय सापेक्ष तालिम, अवलोकन भ्रमण लगायतको व्यवस्था गरी क्षमता अभिवृद्धि गरिनेछ ।

१४५. कर्मचारीहरुको सेवा सुविधा सम्बन्धमा संघ तथा प्रदेश सरकारको आर्थिक वर्ष २०७८/०७९ को बजेट वक्तव्य मार्फत उल्लेख भए बमोजिम व्यवस्था गरिनेछ ।

१४६. अन्तमा सुनिलस्मृति गाउँपालिकाको समग्र विकासमा महत्वपूर्ण योगदान गर्नुहुने जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दल, निजी व्यवसायिक क्षेत्र, सरकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज, सञ्चार जगत लगायत सम्पूर्ण गाउँवासी आमाबुबा, दिदीबहिनी तथा दाजुभाईहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद

**प्रस्तोता**
नमराज थापा
सामाजिक विकास समिति संयोजक

**तयार गर्ने**
सुनिलस्मृति गाउँपालिका
सुलिचौर, रोल्प

सुनिलस्मृति गाउँपालिका
२०७३
सुलिचौर, रोल्पा